# राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठक सम्पन्न

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठक यही पौष ११ देखि १३ गतेसम्म आयोगको कार्यालय सिंहदरवारमा सम्पन्न भएको छ । बैठकमा मन्त्रालयगत प्रगति र समस्यामाथि तीनदिनसम्म गहन छलफल गरिएको थियो । छलफलका क्रममा २० वटा मन्त्रालयबाट ६६ वटा र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट ८ वटा गरी कुल ७४ वटा समस्याहरु अवगत भएका थिए । प्राप्त समस्याहरुमध्ये मन्त्रालयस्तरमा समाधान गर्न सकिने समस्याहरुलाई मन्त्रालयस्तरमा नै समाधानका लागि निर्देशन दिनुका साथै मन्त्रालयस्तरमा समाधान हुन नसक्ने समस्यालाई सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा आयोजना हुने राष्ट्रिय विकास समस्या समाधान समितिको ३८औं पूर्ण बैठकमा छलफलका लागि प्रस्तुत गर्ने निर्णय गरिएको छ ।

राष्ट्रिय योजना आयोग
२०७३ पौष १३ बुधवार